# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. २३९/२०७०/०७१

निर्णय नं. १७

जिल्ला महोत्तरी, बनौली दनौली गा.वि.स. बस्ने शारदा भुषाल (झा) ..........................१ पुनरावेदक

विरूद्ध

गा.वि.स. सचिव, बनौली दनौली गा.वि.स.को कार्यालय, महोत्तरी ..............................१ विपक्षी

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनु ।

जिल्ला महोत्तरी, बनौली दनौली गा.वि.स. बस्ने शारदा भुषाल (झा)ले बनौली दनौली गा.वि.स.को कार्यालय, महोत्तरी समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७०।१२।१२ मा निवेदन गरेको । प्रस्तुत सम्बन्धमा राष्ट्रिय सूचना आयोगको मिति २०७०।१२।२४ को आदेश बमोजिम माग भएको सूचना उपलब्ध गराउन बनौली दनौली गा.वि.स.को कार्यालय, महोत्तरीको नाममा च. नं. ७९८, मिति २०७०।१२।२४ मा पत्र लेखी गएको । तत् पश्चात पुनरावेदकले मिति २०७१।०२।०२ मा आयोगको आदेश बमोजिम सूचना उपलब्ध नगराएको भनी पुनः उजुरी/निवेदन गरेको । उक्त उजुरी/निवेदन प्राप्त भए पछि आयोगबाट बनौली दनौली गा.वि.स.को कार्यालय, महोत्तरीका गा.वि.स. सचिवका नाममा पुनः मिति २०७१।०२।२२ को आदेश कार्यान्वयनको सम्वन्धमा च. नं. १०४२ मिति २०७१।०२।२२ को पत्रबाट लेखी गएको ।

आयोगबाट प्रेषित मिति २०७१।०२।२२ को आदेश पश्चात पनि बनौली दनौली गा.वि.स.को कार्यालय, महोत्तरीले माग बमोजिमको सूचना उपलब्ध नगराएकोले दफा ३२ बमोजिम कारबाही गरी माग बमोजिम सूचना उपलब्ध गराई पाउँ भनी पुनः मिति २०७१।०३।३१ मा उजुरी गरेको । पुनरावेदकको उक्त उजुरी प्राप्त भए पछि आयोगबाट बनौली दनौली गा.वि.स.को कार्यालय, महोत्तरीको नाममा पुनः मिति २०७१।०५।२९ मा भएको आदेश कार्यान्वयनको लागि च. नं. २१८ मिति २०७१।०५।२९ को पत्र प्रेषित गरेको । तत् पश्चात पनि माग बमोजिमको सूचना उपलब्ध नगराएको भनी मिति २०७१।११।२७ मा पुनः उजुरी गरेको । उक्त उजुरी/पुनरावेदनको सम्बन्धमा यस आयोगको च. नं. १५२८ मिति २०७२।०३।२१ पत्रबाट आदेश कार्यान्वयनको ताकेता लेखी गएको । तत् पश्चात पनि उक्त गा. वि. स.ले माग बमोजिमको सूचना उपलब्ध नगराएको भनी मिति २०७२।०९।२१ मा पुनः उजुरी/पुनरावेदन गरेको । सो पुनरावेदनको

सम्बन्धमा यस आयोगको च. नं. १२१७ मिति २०७३।०३।२७ को पत्रबाट पुनः ताकेता लेखी गएको । तत पश्चात पनि उक्त गा. वि. स.को कार्यालयले माग बमोजिमको सूचना उपलब्ध नगराएको भनी मिति २०७३।०४।२४ मा पुनः उजुरी गरेको । तत पश्चात यस आयोगको च. नं. ११९ मिति २०७३।०४।२४ मा माग बमोजिमको सूचना उपलब्ध नगराएमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिमको कारबाही प्रक्रिया अगाडि बढाईने व्यहोराको पत्र प्रेषित गरेको

प्रस्तुत सन्दर्भमा वस्तुस्थितिको विश्लेषण गर्दा बनौली दनौली गा.वि.स.को कार्यालय, महोत्तरीले पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराउन नपर्ने कुनै कारण र तर्क देखिँदैन । साथै यस आयोगको पटक पटक आदेश जारी भएको तीन बर्षसम्म पनि पुनरावेदकलाई सूचना उपलब्ध गराएको जानकारी प्राप्त हुन नआएकोले के कति कारणले सूचना उपलब्ध गराउन आनाकानी गरेको हो ? सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को सजाय तर्फ आयोगले प्रक्रिया अघि किन नबढाउने ? यसरी यत्ती लामो अवधिसम्म सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण ३ (तीन) दिन भित्र यस आयोगमा पठाउन र यस आयोगको मिति २०७१।०५।२९ को आदेश अनुसार ३ (तीन) दिन भित्र सूचना उपलब्ध गराउनु भनी बनौली दनौली गा.वि.स.को कार्यालय, महोत्तरीको कार्यालय प्रमुख/गा. बि. स. सचिबको नाममा यो आदेश जारी गरिएको छ । यो आदेशको पालना नभएमा निज गा. बि. स. सचिबलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारवाही हुने व्यहोरा निजलाई जानकारी दिनू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल भदौ ०८ गते रोज ४ शुभम् ।